# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, असोज १ गते, २०८१ साल(अतिरिक्ताङ्क ५

## भाग १

## मधेश प्रदेश सरकार

## गृह,सञ्चार तथा कानुन मन्त्रालय

## प्रदेश सभा सचिवालय सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१

## सम्वत् २०८१ सालको ऐन नम्बर ५

<u>प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सभा सचिवालय सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ रहेको छ ।"

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को खण्ड (ग) र (घ) को सट्टा देहायको खण्ड (ग) र (घ) राखिएको छः

" (ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह उतिर्ण गरेको,

(घ) प्रशासनिक वा संसद सचिवालय वा प्रदेश सभा वा कानून वा अध्यापन क्षेत्रमा अधिकृत स्तरमा कम्तिमा दश वर्षको कार्य अनुभव भएको"

प्रमाणीकरण मितिः २०८१/०६/०१

आज्ञाले,
संदिप कुमार सिंह
निमित्त प्रदेश सचिव
गृह, सञ्चार तथा कानुन मन्त्रालय